अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१० गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी अमरेन्द्र कुसियैतसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट नवराजपुर गाउँपालिका, सिरहाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसमेतका प्रतिवादीहरू उपर सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो रू.३४,३९,१८९/—(चौतिस लाख उनन्चालिस हजार एक सय उनानव्बे रूपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेत मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८२।११।२६ को फैसलाबाट आंशिक सफाई दिएकोले उक्त फैसलाउपर चित्त नबुझी मिति २०८३।०७।१० गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिका को कार्यालयका तत्कालिन उपाध्यक्ष **शोभा कुमारी** समेत १२ जना मु.नं (०८१-CR-०१०२) फैसला मिति २०८२/११/२६	सार्वजनिक सम्पतिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।	**आयोगको मागदावी** • **नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवराजपुर, सिरहाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतलाईः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम बिगो रु.३४,३९,१८९।—(अक्षरेपी चौतीस लाख उनान्चालीस हजार एक सय उनानव्वे मात्र) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै निज प्रतिवादी अमरेन्द्र कुसियैतले उपभोक्ता समितिबाट निर्मित अधुरो र त्रुटिपूर्ण संरचनाको अनुगमन गरी बदनियतपूर्वक प्राविधिकको मूल्याङ्कन बमोजिमको भुक्तानी गर्न सिफारिस गरेको देखिँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत माग दावी लिइ आरोप पत्र दायर भएको देखिन्छ। • **नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवराजपुर, सिरहाका तत्कालीन ईन्जिनियर कृष्णा साह, तत्कालीन सबईन्जिनियर जय नारायण यादव र तत्कालीन लेखापाल सोम प्रसाद आचार्यलाईः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम बिगो रु.३४,३९,१८९।—(अक्षरेपी चौतीस लाख उनान्चालीस हजार एक सय उनानव्वे मात्र) कायम गरी सोही ऐनको दफा	**फैसलाः** प्रतिवादीहरुलाई आंशिक सफाई हुने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादव उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ (२) बमोजिमको कसुर दावी पुग्न सक्दैन। • प्रतिवादीहरु रामचन्द्र यादव, कोशिला देवी यादव र दीपेन्द्र कुमार यादवले बदनियतपूर्वक रकम हिनामिना गर्ने उदेश्यले गरेको भन्ने नदेखिई गाँउकार्यपालिकाका सम्वद्ध पदाधिकारीबाट तयार भएका कागजात र संझौता बमोजिम काम गरेको अवस्था सम्म देखिएकोले निज प्रतिवादीहरुले आरोपदावी बमोजिमको कसुर गरेको भन्ने पुष्टि हुन सकेको देखिंदैन। • शोभा कुमारी, रमेश कुमार निधि, संजय प्रसाद यादव, मदन यादव, मनोज कुमार यादव निर्माण कार्यको अनुगमनमा संलग्न रही रकम भुक्तानीको लागि प्रतिवेदन दिएको अवस्था देखिए पनि निजहरु प्राविधिक कर्मचारी नभएको र निजहरुको बदनियत रहेको भन्ने पुष्टि हुन नआएको। • प्रतिवादी सोम प्रसाद आचार्यले पेश हुन आएका कागजातका आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिने कार्यसम्ममा संलग्न रहेको देखिए तापनी बदनियतपूर्वक रकम भुक्तानी दिएको भन्ने पुष्टि हुन नसकेको।	• जिल्ला सिरहा नवराजपुर गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यमा डि.आर.पी. तर्जुमा देखि भवन निर्माण कार्यको भुक्तानी सम्मको काममा सार्वजनिक खरिद सम्बन्धी प्रक्रिया र नियम पालना गरेको नदेखिएको, संरचनाको गुणस्तरमा प्रश्न उठेको, परामर्शदातालाई भुक्तानी गरेको रकम समेत अस्वाभाविक देखिएको विषय समेतमा अनियमितता भएको हुन सक्ने भन्ने समेत व्यहोराको उजुरी निवेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा आ.व. २०७६/०७७ मा तयार भएको D.P.R. बमोजिम नवराजपुर गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको कूल लागत अनुमान रकम रु. ६,१८,६८,७६४।३७ भएकोमा प्रचलित कानून विपरित सो DPR लाई खण्डीकरण गरी नवराजपुर गाउँपालिकाबाट आ.व. २०७६/०७७ मा रु.३७,७५,४३६।१० बराबरको जमिनदेखि लगभग ७० से.मि. माथिसम्मको Frame Structure (Column and Beam) को काम गर्ने गरी लागत अनुमान तयार गरिएको देखिन्छ। गाउँपालिकाबाट सो भवन निर्माणको लागि आ.व.२०७६/०७७ मा रु.३५,००,००/-विनियोजन गरी गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार सो गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि रामचन्द्र यादवको अध्यक्षतामा गठन भएको उपभोक्ता समितिसँग गाउँपालिकाको तर्फबाट तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत र उपभोक्ता समितिको तर्फबाट अध्यक्ष रामचन्द्र यादव र सचिव दिपेन्द्र यादव बीच मिति २०७७/०२/३२ गते सम्झौता भई २०७७/०३/१५ सम्म कार्य सम्पन्न गर्ने भनी करिव १५ दिनमा नै भवन निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ भने सोही छोटो अवधि मै सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र यादव, सवइन्जिनियर जय नारायण यादव, इन्जिनियर कृष्णा साह र प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतले दस्तखत गरी यि प्रतिवादीहरुको प्रत्यक्ष संलग्नतामा नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ। त्यसैगरी उक्त योजनाको मिति २०७७।०३।१५ गते अनुगमन गरी रु.३७,७९,१०६।८२ बराबरको कार्य भएकोले प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानीको लागि सिफारिस गरिएको भनी सोही गाउँपालिकाका उपाध्यक्ष शोभाकुमारी, प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत, योजना शाखा प्रमुख रमेश कुमार निधी, इन्जिनियर कृष्णा साह, वडा नं. ४ का वडा अध्यक्ष मदन यादव, वडा नं. ५ का वडा अध्यक्ष मनोज कुमार यादव, सोही गाउँपालिकाका अध्यक्ष विश्व मोहन प्रसाद यादव, लेखापाल सोम प्रसाद यादव र जिन्सी शाखा प्रमुख संजय प्रसाद यादव लगायतले दस्तखत गरी बदनियत चिताई गलत अनुगमन प्रतिवेदन पेश गरेको देखिन्छ। उपभोक्ता समितिले गरेको कामको प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.३७,७९,१०६।८२/- बराबरको कार्य भएको देखिएको भनी सोही गाउँपालिकाका लेखापाल सोम प्रसाद आचार्यले पेश गरेको र सो पालिकाका प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतले सदर गरेको मिति २०७७/०३/३० को गो.भौ.नं. ६२ बाट भवन निर्माण उपभोक्ता समितिलाई विभिन्न कर कट्टा गरी जम्मा रकम रु.३३,३४,१८९।- तथा कन्टिन्जेन्सी वापतको रकम रु.१,०५,०००।- समेत गरी जम्मा रु.३४,३९,१८९।- भुक्तानी दिएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको प्राविधिक सहितको टोलीले उक्त निर्माण कार्य नक्सा अनुसार भएको देखिए तापनि निर्मित संरचना त्रुटिपूर्ण रहेको, नापजाँच अनुगमन गरी हेर्दा निर्माण भएका column grid line भन्दा दायाँ बायाँ भागेको (बढीमा २० cm), column को concrete cover २ cm देखि ९ cm सम्म फरक फरक भएको भन्ने समेत व्यहोरा स्थलगत मुचुल्का तथा मिति २०८१।१०।१८ मा पेश गरेको प्राविधिक प्रतिवेदनमा समेत भवन निर्माण गर्दा प्राविधिक एवं

			३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै प्रतिवादी कृष्णा साह र सोम प्रसाद आचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने समेतको कसूरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ। • **नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवराजपुर, सिरहाका तत्कालीन गाउँपालिका अध्यक्ष विश्व मोहन प्रसाद यादव, तत्कालीन उपाध्यक्ष शोभा कुमारी, ऐ-ऐ गाउँपालिका वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष मदन यादव, ऐ-ऐ गाउँपालिका वडा नं. ५ का तत्कालीन वडा अध्यक्ष मनोज कुमार यादव, तत्कालीन योजना शाखा प्रमुख रमेश कुमार निधि र तत्कालीन जिन्सी प्रमुख संजय प्रसाद यादवलाईः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ। • **नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवराजपुर, सिरहाको गाउँ पालिका भवन निर्माण समितिको उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र यादव, सचिव दिपेन्द्र कुमार यादव र कोषाध्यक्ष कोशीला देवी यादवलाईः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को भ्रष्टाचारजन्य कार्यको नगद तथा लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा		मिस्त्रीले आबश्यक पर्याप्त ध्यान दिएको पाईएन, जस्ले गर्दा उक्त निर्माणाधीन संरचनामा थप काम गर्न नसकिने, गर्न परेमा विज्ञ/विशेषज्ञको सल्लाह बमोजिम जगदेखि नै Special Treatment or Rectification गर्नुपर्ने देखिन्छ भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ भने सो व्यहोरालाई समर्थित हुने गरी प्रतिवेदक विमल किशोर के.पी.ले अदालत समक्ष बकपत्र गरिदिएको समेत देखिन्छ। मिसिल संलग्न नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।०१।२६ को निर्णयको प्रतिलिपिबाट आ.व. २०७६/०७७ मा गाउँकार्यपालिकाद्वारा बजेट विनियोजन गरी गाउँपालिका भवन निर्माणार्थ भए गरेको अधुरो कार्यमा त्रुटि देखिएको एवं सोही संरचनामा थप कार्य गर्न उपयुक्त नहुने अवस्था रहेकोले पूर्णरुपले नयाँ प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाउने समेत निर्णय भई सोही गाउँपालिकाको मिसिल संलग्न च.नं. १०८३ मिति २०८१।११।१८ को पत्र अनुसार आ.व. २०७६/०७७ मा बनेको अधुरो संरचनामा Column Layout नमिलेको अर्थात एउटै Grid मा हुनुपर्ने Column दायाँ बायाँ Cast भएको देखिएको जुन हाल पनि यथास्थितिमा रहेको, हाल गाउँपालिकाको परिसर भित्रै नयाँ प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको, आ.व. २०७६/०७७ मा तयार गरिएको DPR लाई नै Revised गरी सोही DPR बमोजिम निर्माण व्यवसायीमार्फत निर्माण कार्य हुँदै आएको र DPR वापत थप रकम भुक्तानी नभएको भनी लेखी आएको समेतबाट उक्त भवनको संरचना अधुरो अवस्थामा नै रही हाल गाउँपालिकाले सो संरचनामा भवन निर्माण गर्न नमिल्ने भएको कारण सोही पालिकाको परिसर भित्रै अर्को ठाउँमा नयाँ भवन निर्माण गर्न शुरु गरेको अवस्थाबाट समेत नवराजपुर गाउँपालिका सिरहाको प्रशासकीय भवनको संरचना प्रयोग विहिन रहेको देखिई प्रतिवादीहरुले आपसी मिलेमतोमा बदनियतपूर्व भ्रष्टाचारजन्य कार्य गरी नेपाल सरकारलाई हानीनोक्सानी पुर्याएको पुष्टि भई रहेको अवस्था देखिदा देखिदै उक्त तथ्य एवं प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादवलाई मात्र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर ठहर गरि अन्य प्रतिवादीहरु **रामचन्द्र यादव, कोशिला देवी यादव र दीपेन्द्र कुमार यादव, शोभा कुमारी, रमेश कुमार निधि, संजय प्रसाद यादव, मदन यादव, मनोज कुमार यादव र सोम प्रशाद यादवलाई** आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटीपुर्ण देखिदा बदर भागी छ। • **विशेष अदालतवाट प्रतिवादीहरु मध्येका अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादवको हकमा आरोप दावी बमोजिम** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको हाल प्रचलित दफा ३(१)(घ) बमोजिम जनही २ (दुई) वर्ष कैद र हानीनोक्सानी हुन गएको बिगो रु.३४,३९,१८९।- को दामासाहीले हुने जनही रु.११,४६,३९६।३३ जरिवाना हुने र सोही ऐनको दफा १७ बमोजिम जनही रु.११,४६,३९६।३३ असुल उपर गर्ने **ठहर गरि फैसला भएको देखिए तापनि निज प्रतिवादीहरु उपर दावी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) कसुरको हकमा दावी पुग्न नसक्ने ठहर गरि फैसला भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) मा** सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको शिलशिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरि गरी प्रतिवेदन पेश गर्ने कर्तब्य भएको राष्ट्रसेवक वा अन्य कुनै ब्यक्तिले त्यस्तो अध्ययन वा जाँचबुझ गरी प्रतिबेदन दिदा बदनियत पूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेको कुरा देखाई प्रतिबेदन दिएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन महिना देखि एक वर्ष सम्म कैद र दश हजार रुपैया देखि पचास हजार रुपैयासम्म जरिवाना हुनेछ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा उक्त गाउँपालिकाको भवन निर्माण मिति २०७७/०३/१५ सम्ममा सम्पन्न गर्ने भनी सम्झौता भएकोमा सो सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र यादव, सवइन्जिनियर जय नारायण यादव, इन्जिनियर कृष्णा

			२२ बमोजिमको कसूरमा बिगो रु.३३,३४,१८९।—(अक्षरेपी तेत्तीस लाख चौतीस हजार एक सय उनानव्वे मात्र) कायम गरी मुख्य कसूरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा उक्त ऐनको पहिलो संशोधन सहितको दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निज प्रतिवादीहरुलाई मुख्य कसूरदार सरह सजाय गरी बिगो असूल उपर हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। **<u>फैसला</u>** • प्रतिवादीहरु **अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादव**ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिंदा निज प्रतिवादीहरुलाई सोही ऐनको हाल प्रचलित दफा ३(१)(घ) बमोजिम जनही २ (दुई) वर्ष कैद र हानीनोक्सानी हुन गएको बिगो रु.३४,३९,१८९।—को दामासाहीले हुने जनही रु.११,४६,३९६।३३ जरिवाना हुने र सोही ऐनको दफा १७ बमोजिम जनही रु.११,४६,३९६।३३ असुल उपर गर्ने साथै निज प्रतिवादीहरुबाट अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम जनही रु.४५,८५५।८५ पीडित राहतकोषमा भराई दिने ठहर्छ। निज प्रतिवादीहरु उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ (२) बमोजिमको कसुर दावी पुग्न सक्दैन। अर्का प्रतिवादी विश्व मोहन प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ (२) बमोजिमको कसुर गरेको ठहर भएकोले सोही दफा १९		साह र प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत समेतले दस्तखत गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न रही मिति २०७७।०३।१५ गते अनुगमन समेत गरी रु.३७,७९,१०६।८२ बराबरको कार्य भएकोले प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानीको लागि सिफारिस गरिएको भनी प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैत, इन्जिनियर कृष्णा साह समेतले दस्तखत गरी अनुगमन प्रतिवेदन पेश गरेको देखिन्छ। प्रतिवादी अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादवले उपभोक्ता समितिबाट निर्मित अधुरो र त्रुटिपूर्ण संरचनाको अनुगमन गरी बदनियतपूर्वक प्राविधिकको मूल्याङ्कन गरी रु.३७,७९,१०६।८२/- बराबरको कार्य भएको देखिएको भनी सोही गाउँपालिकाका लेखापाल सोम प्रसाद आचार्यले पेश गरेको र सोही पालिकाका प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतले सदर गरी मिति २०७७/०३/३० को गो.भौ.नं. ६२ बाट नवराजपुर गाउँपालिका भवन निर्माण उपभोक्ता समितिलाई जम्मा रकम रु.३३,३४,१८९।- तथा कन्टिन्जेन्सी वापतको रकम रु.१,०५,०००।-समेत गरी जम्मा रु.३४,३९,१८९।- (अक्षरेपी चौतीस लाख उनान्चालीस हजार एक सय उनानव्वे मात्र) बरावरको रकम उक्त गलत प्रतिवेदन र सिफारीस गरी बदनियतपूर्वक भुक्तानी गरी उक्त निर्मित संरचना हालसम्म उपयोग विहीन रहेको तथ्य स्थापित भएको देखिदा यि प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादवले दिएको गलत प्रतिवेदन कै कारण रु.३४,३९,१८९।— भुक्तानी भई गाँउपालिकालाई हानी नोक्सानी भएको तथ्य देखिदा देखिदै उक्त तथ्य प्रमाण एवं कानूनी व्यवस्थाको विवेचना नगरि निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) को दावी पुग्न नसक्ने ठहर गरी भएको सो हदसम्मको फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ। उक्त नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र याद कोषाध्यक्ष कोशिला देवी यादव र सचिव दीपेन्द्र कुमार यादवले उक्त पालिकाको भवन निर्माण योजनाको ला आ.व.२०७६/०७७ मा तयार भएको D.P.R.बमोजिम लागत अनुमान रकम यकिन भएको तर श्रे सुनिश्चितता नभएको र बार्षिक योजना स्वीकृत नभएको अबस्थामा कूल लागत अनुमानलाई खण्डीकरण ग गाउँपालिकाको भवन निर्माण गर्न रु.३७,७५,४३६।१० बराबरको लागत अनुमान रकम तयार भएकोमा नि प्रतिवादीहरुले प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.३७,७९,१०६।८२ बराबरको क भएको भनी नवराजपुर गाउँपालिकाको गो.भौ.नं. ६२ मिति २०७७/०३/३० को गोश्वारा भौचरबाट उपभोक्त समितिले श्रमदान, आयकर, बहाल कर र सामाजिक सुरक्षा कर कट्टा गरी उपभोक्ता समितिका अध्यक्ष र चन्द्र यादव लगायतले रु. ३३,३४,१८९।-भुक्तानी लिएको मिसिल संलग्न कागजातबाट देखिन्छ। उ संरचनाको स्थलगत नापजाँच गर्दा Design Drawing बमोजिम नभई त्रुटिपूर्ण काम भएको र निर्मित संरच अधुरो रहन गई प्रयोगविहीन भएको देखिँदा यि प्रतिवादीहरु रामचन्द्र यादव समेतको मिलेमतोमा बदनियतपूर्व त्रुटिपूर्ण र गुणस्तरहीन संरचनालाई सम्झौता अनुसार नै गुणस्तरिय निर्माण भएको भनी प्राविधिक विल त कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई नवराजपुर गाउँपालिकाबाट कर बाहेक रु.३३,३४,१८९।-(अक्षरे तेत्तीस लाख चौतीस हजार एक सय उनानव्वे मात्र) भुक्तानी लिई सरकारी रकम हानिनोक्सानी, दुरुपयो हिनामिना गर्ने कार्यमा निज प्रतिवादीहरु रामचन्द्र यादव, दिपेन्द्रकुमार यादव र कोशीला देवी यादवसमेत प्रत्यक्ष रुपमा संलग्न रहेको देखिदा देखिदै सो तथ्य एवं मिशिल संलग्न प्रमाणहरुलाई नजर अन्दाज गरि नि प्रतिवादीहरुलाई आरोपदावी बाट सफाई दिने ठहर गरी भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपू देखिंदा बदर भागी छ। • उक्त नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको भवन निर्माण गर्न Moon and Anjali Engineering

			(२) बमोजिम ३ (तीन) महिना कैद र रु १०,०००।— जरिवाना हुने ठहर्छ साथै निज प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम रु.४००।— पीडित राहतकोषमा भराई दिने ठहर्छ। अन्य प्रतिवादीहरु शोभा कुमारी, रमेश कुमार निधि, संजय प्रसाद यादव, मदन यादव, मनोज कुमार यादव, सोम प्रसाद आचार्य, रामचन्द्र यादव, कोशिला देवी यादव र दिपेन्द्र कुमार यादवले आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। अर्का प्रतिवादी विश्व मोहन प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइ आरोप पत्र दायर भएकोमा विशेष अदालतवाट निज प्रतिवादीलाइ सोही ऐनको दफा १९ (२) बमोजिम ३ (तीन) महिना कैद र रु १०,०००।— जरिवाना हुने ठहर गरि फैसला भएको देखिदा निजको हकमा पुनरावेदन जिकिर लिइ रहनु परेन।		Consultancy Pvt. Ltd.ले आ.व. २०७६/०७७ मा तयार गरेको D.P.R. बमोजिम गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागत अनुमान रकम यकिन भई श्रोत सुनिश्चितता नभएको, बार्षिक योजना स्वीकृत नभएको अबस्थामा कूल लागत अनुमानलाई खण्डिकरण गरी रु.३७,७५,४३६।१० बराबरको प्रमुख प्रशासकीय अधिकृत र प्राविधिकहरुले तयार गरेको लागत अनुमान अनुसार उपभोक्ता समितिसँग सम्झौता भई नापी किताव, कार्य सम्पन्न प्रतिवेदन तयार भएको आधारमा उपभोक्ता समितिलाई श्रमदान, आयकर, बहाल कर र सामाजिक सुरक्षा कर कट्टा गरी जम्मा रकम रु.३३,३४,१८९।- भुक्तानी दिएको र कन्टिनजेन्सीवापत खर्च भएको रु.१,०५,०००।- समेत जम्मा विगो रु.३४,३९,१८९।भुक्तानी भएको देखिन्छ। उक्त संरचनाको स्थलगत नापजाँच गर्दा Design Drawing बमोजिम नभई त्रुटिपूर्ण काम भएकोले निर्मित संरचना अधुरो रहन गई उपभोक्ता समितिलाई विगो रु.३४,३९,१८९।-सरकारी रकमको दुरुपयोग, हानी नोक्सानी, हिनामिना भएको देखिदा यी प्रतिवादीहरु तत्कालीन गाउँपालिका अध्यक्ष विश्व मोहन प्रसाद यादव, तत्कालीन गाउँपालिका उपाध्यक्ष शोभा कुमारी, ऐ-ऐ गाउँपालिका वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष मदन यादव, ऐ-ऐ गाउँपालिका वडा नं. ५ का तत्कालीन वडा अध्यक्ष मनोज कुमार यादव, तत्कालीन योजना शाखा प्रमुख रमेश कुमार निधि र तत्कालीन जिन्सी प्रमुख संजय प्रसाद यादवले वदनियतपूर्वक उपभोक्ता समितिबाट निर्मित अधुरो र त्रुटिपूर्ण संरचनाको अनुगमन गरी सम्झौता बमोजिम नै गुणस्तरिय भवन निर्माण भएको भनी प्राविधिकको मूल्याङ्कन र गलत प्रतिवेदन गरी सोही बमोजिमको भुक्तानी गर्न सिफारिस समेत गरी अन्य प्रतिवादीहरु अमरेन्द्र कुसियैत समेतसँग मिलेमतो गरी बदनियतपूर्वक नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचारजन्य कसूर गरेको तथ्य पुष्टि हुँदा हुँदै निज प्रतिवादीहरुलाई आरोपदावी बाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ। • नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका तत्कालिन लेखापाल **सोम प्रसाद आचार्यले** उक्त नवराजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको भवन निर्माण गर्न आ.व. २०७६/०७७ मा तयार गरेको D.P.R. बमोजिम गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागत अनुमान रकम रु.६,१८,६८,७६४।३७ यकिन भइ श्रोत सुनिश्चितता नभएको, बार्षिक योजना स्वीकृत नभएको अबस्थामा कूल लागत अनुमानलाई खण्डीकरण गरी रु.३७,७५,४३६।१० बराबरको प्रमुख प्रशासकीय अधिकृत र प्राविधिकहरुले तयार गरेको लागत अनुमान अनुसार उपभोक्ता समितिसँग सम्झौता भई नापी किताव, कार्य सम्पन्न प्रतिवेदन तयार भएको आधारमा उपभोक्ता समितिलाई श्रमदान, आयकर, बहाल कर र सामाजिक सुरक्षा कर कट्टा गरी जम्मा रु.३४,३९,१८९।-(अक्षरेपी चौतीस लाख उनान्चालीस हजार एक सय उनानव्वे मात्र) भुक्तानी दिएको देखिन्छ। उक्त संरचनाको स्थलगत नापजाँच गर्दा Design Drawing बमोजिम नभई त्रुटिपूर्ण काम भएकोले निर्मित संरचना अधुरो रहेको अवस्थामा यी प्रतिवादी सोम प्रसाद आचार्यले मिति २०७७/०३/३० को गो.भौ.नं. ६२ तयार पारी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी नवराजपुर गाँउपालिका भवन निर्माण उपभोक्ता समितिलाई श्रमदान, आयकर, बहाल कर र सामाजिक सुरक्षा कर कट्टा गरी जम्मा रकम रु.३३,३४,१८९।- तथा कन्टिन्जेन्सी वापतको रकम रु.१,०५,०००। समेत गरी जम्मा रु.३४,३९,१८९।- (अक्षरेपी चौतीस लाख उनान्चालीस हजार एक सय उनानव्वे मात्र) अन्य प्रतिवादीहरु अमरेन्द्र कुसियैत समेतसँग मिलेमतो गरी बदनियतपूर्वक भुक्तानी दिई सरकारी रकमको दुरुपयोग, हानिनोक्सानी, हिनामिना गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न रही भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै सो तथ्य प्रमाणको सुक्ष्म विवेचना नगरि निज सोम प्रसाद यादवलाई आरोपदावी बाट सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण देखिंदा बदर भागी छ।

					• अतः माथि विवेचित आधार कारण एवं मिसिल संलग्न प्रमाणहरुको आधारमा यि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादीहरु मध्येका अमरेन्द्र कुसियैत, कृष्णा साह र जय नारायण यादवलाई कम सजाय (आंशिक कसुर ठहर) गरी र अन्य प्रतिवादीहरु रामचन्द्र यादव, कोशिला देवी यादव, दीपेन्द्र कुमार यादव, शोभा कुमारी, रमेश कुमार निधि, संजय प्रसाद यादव, मदन यादव, मनोज कुमार यादव र सोम प्रसाद आचार्यलाई आरोप मागदावीवाट सफाई हने ठहर गरि विशेष अदालतवाट भएको त्रुटीपुर्ण फैसला सो हद सम्म बदर गरि निज प्रतिवादीहरुलाई रोप दावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ।